कार्यविधि नं. ०८

बडीमालिका नगर स्वयमसेवक शिक्षक सम्वन्धि कार्यविधी , २०७५

नगरपालिकाबाट स्वीकृत मितिः – २०७५/०५/२५

बडीमालिका नगरपालिका,

बाजुरा जिल्ला

७ नं. प्रदेश

## बडीमालिका नगर स्वयमसेवक शिक्षक सम्वन्धि कार्यबिधी , २०७५

कार्यपालिकाबाट स्वीकृत मिति : २०७५/०५/२५ गते

**प्रस्तावना :**

सामुदायिक विद्यालयको गुणस्तर सुधार गरी सामुदायिक विद्यालयहरुले शिक्षा क्षेत्रमा गरेको योगदान व्यवस्थित गरी सामुदायिक विद्यालयहरु माथिको विश्वासलाई भरपर्दो बनाउन र गुणस्तरिय शिक्षाका माध्यमबाट सामुदायिक शिक्षाको गुणस्तर वृद्धिका लागि विद्यालयहरुलाई निश्चित मापदण्डका आधारमा सञ्चालन गर्न सम्वन्धित निकायबाट स्वीकृति तथा अनुमति प्राप्त एवं स्थानीय आवश्यकता र मागको आधारमा संचालनरत विद्यालयहरुमा विद्यार्थी संख्याको अनुपातमा शिक्षक व्यवस्थापन गर्न नेपालको संविधान, २०७२ को अनुसुचि ८ , स्थानीय सरकार सञ्चालन ऐन २०७४ , बडीमालिका शिक्षा नियमावली, २०७४ को दफा (५५) बमोजिम *बडीमालिका नगर स्वयमसेवक शिक्षक सम्वन्धी कार्यबिधी ,२०७५* नगर शिक्षा समितिको बैठकबाट स्वीकृत गरी कार्यपालिका बैठकमा पेश गरेको कार्यविधी ।

### परिच्छेद १

### संक्षिप्त नाम र परिभाषा

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस मापदण्डको नाम "बडीमालिका नगर स्वयमसेवक शिक्षक सम्वन्धी कार्यबिधी ,२०७५" रहेको छ ।

(२) यो कार्यविधी बडीमालिका नगरपालिका भित्रका अनुमति तथा स्वीकृती प्राप्त सामुदायिक विद्यालयमा लागु हुनेछ ।

(३) यो कार्यविधी नगर कार्यपालिकाबाट पारित भएको मिति देखि लागु हुनेछ ।

२.**परिभाषा**: विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा

(क) "नगरपालिका" भन्नाले बडीमालिका नगरपालिकालाई सम्झनु पर्छ ।

(ख) "कार्यविधी" भन्नाले "बडीमालिका नगर स्वयमसेवक शिक्षक सम्वन्धी कार्यबिधी ,२०७५ लाई सम्झनु पर्छ ।

(ग) "कार्यपालिका "भन्नाले बडीमालिका नगर कार्यपालिका लाई सम्झनु पर्छ ।

(घ) "शिक्षक दरवन्दी "भन्नाले बडीमालिका नगरपालिका भित्रका हाल मौज्दात दरवन्दि र नगरपालिकाद्धारा थप गरेका स्वयम्सेवक शिक्षकको दरवन्दिलाई सम्झनु पर्छ ।

(ङ) "शिक्षक "भन्नाले नेपाल सरकारका स्थाई, अस्थाइ, करार, राहात र स्वयमसेवक शिक्षकलाई सम्झनु पर्छ।

(च) "स्वयम्सेवक शिक्षक" भन्नाले बडीमालिका नगरपालिका भित्रका अनुमति प्राप्त वा स्विकृती प्राप्त सामुदायिक विद्यालयमा शिक्षक दरवन्दि अभाव भई नगर कार्यपालिकाले सृजना गरी स्विकृत गरेका शिक्षक पदमा रहेका शिक्षकलाई सम्झनुपर्छ।

(छ) "शिक्षक छनौट समिति" भन्नाले स्वयम्सेवक शिक्षक छनौट गर्ने प्रयोजनको लागि यस कार्यविधीको खण्ड ४ बमोजिम गठित समितिलाई सम्झनुपर्छ।

(ज) "प्रमुख" भन्नाले बडीमालिका नगरपालिकाको नगर प्रमुखलाई सम्झनुपर्छ।

(झ) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले बडीमालिका नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनुपर्छ।

(ञ) "शिक्षा अधिकृत" भन्नाले नगरपालिकाको शिक्षा शाखा प्रमुख वा सो प्रमुखको कामकाज गर्न तोकिएको व्यक्तिलाई सम्झनुपर्छ।

(ट) "शिक्षा शाखा" भन्नाले बडीमालिका नगर क्षेत्र भित्रका विद्यालयको रेखदेख तथा निरक्षण गर्ने शिक्षा, युवा तथा खेलकुद विकास शाखालाई सम्झनुपर्छ।

(ठ) "विषय विशेषज्ञ "भन्नाले सम्वन्धीत विषयमा स्नातकोत्तर (मा.वि. तह) स्नातक तह (आधारभुत तह) उत्तिर्ण भएको व्यक्तिलाई सम्झनु पर्दछ।

(ढ) "पारिश्रमिक" भन्नाले यस मापदण्डको खण्ड १२ अनुसार स्वयम्सेवक शिक्षकलाई दिइने पारिश्रमिक सम्झनु पर्छ।

## परिच्छेद २

## स्वयम्सेवक शिक्षक दरवन्दी

३. **स्वयम्सेवक शिक्षक दरवन्दि अनुपात :** नगर शिक्षा समितिले नगर शिक्षा नियमावलीको नियम (५६) अनुसारको संख्यामा शिक्षक अपुग रहेका विद्यालयमा आवश्यकता बमोजिम थप नगर स्वयमसेवक शिक्षक दरवन्दी सिर्जना गर्नेछ।

तर, सरकारबाट कुनै प्रकारको दरवन्दि प्राप्त हुनासाथ स्वयम्सेवक दरवन्दी स्वत: फेर्ता गरिनेछ र आवश्यकता अनुसार व्यवस्थापन गर्न सकिनेछ।

## परिच्छेद ३

## शिक्षक छनौट समिति गठन

४. **शिक्षक छनौट समिति रहने :** (१) सामुदायिक विद्यालयमा स्वयमसेवक शिक्षक नियुक्ति सम्बन्धी व्यवस्था बडीमालिका नगर शिक्षा नियमावली, २०७४ को नियम (५४) बमोजिम हुनेछ ।

(२) खण्ड (१) बमोजिमको समितिको विज्ञ तोक्नका लागि नगरपालिकाले विज्ञ सूची संकलन गरी सोही सूची बमोजिम नगर प्रमुखले तोक्न सक्नेछ ।

## परिच्छेद ४

## शिक्षक नियुक्ति सम्वन्धि व्यवस्था

५. **प्रतियोगिताको लागि विज्ञापन गर्नुपर्ने** :- (१) नियम (४) बमोजिम गठित शिक्षक छनौट समितिले कम्तिमा १५ दिनको सार्वजनिक सूचना सबै माध्यमवाट प्रकाशन गर्नुका साथै वडा कार्यालय र नगरपालिकामा सूचना टाँस गर्नु पर्नेछ । यस्तो सूचना नगरपालिकाको Website मा समेत राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

६. **शिक्षक छनौट समाबेसी बनाउनु पर्ने** :- (१) शिक्षक छनौटलाई समावेशी बनाउन नगरकार्यपालिकाबाट स्विकृत स्वयमसेवक शिक्षक दरबन्दीमा खुल्ला प्रतियोगितामा पूर्ति हुने शिक्षक पद मध्येबाट ४० प्रतिशत छुट्टयाई सो प्रतिशतलाई १०० सय प्रतिशत मानि देहायका उम्मेदवारहरु विचमा मात्र छुट्टा-छुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ ।

(क) महिला - ३३ (तेत्तिस प्रतिशत)
(ख) आदीवासी जनजाती - २७ (सत्ताइस प्रतिशत)
(ग) तराइ मधेसमा बसोवास गर्ने मधेशी, आविसी/जनजाती,दलित,पिछडा वर्ग वा अल्पसंख्यक मुसलमान समुदाय) - २२ (बाइस प्रतिशत)
(घ) दलित - ९ (नौ प्रतिशत)
(ङ) अपाङ्गता - ५ (पाँच प्रतिशत)
(च) पिछडिएको क्षेत्र - ४ (चार प्रतिशत)

**स्पष्टिकरण** : यस खण्डको प्रयोजनको लागि :

(१) आदिवासी/जनजाती, मधेशी, दलित, पिछडा वर्ग वा अल्पसंख्यक मुसलमान भन्नाले आर्थिक र सामाजिक रुपमा पछाडि परेका आदिवासी/जनजाती, मधेशी, दलित,पिछडा वर्ग वा अल्पसंख्यक मुसलमान सम्झनु पर्दछ ।)

(२) पिछडिएको क्षेत्र भन्नाले अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ्ग, बाजुरा, मुगु र हुम्ला जिल्लालाइ सम्झनु पर्दछ ।

(२) खण्ड (१) बमोजिम समावेसी पदका लागि योग्यता बमोजिमको उम्मेदवार नभएमा उक्त पदलाई स्वत: खुला पदमा मिलान गराइएको मानिनेछ ।

७. **दरखास्त बुझाउनु पर्ने** :- (१) प्रतियोगितामा भाग लिन चाहने उम्मेदवारले शिक्षक छनौट समितिवाट तोकिए बमोजिमको परीक्षा दस्तुर दाखिला गरेको निस्सा सहित विज्ञापनमा तोकिएको स्थान र अवधिभित्र दरखास्त फाराम बुझाउनु पर्नेछ ।

(२) खण्ड (१) बमोजिमको परीक्ष दस्तुर नगर शिक्षा समतिले निर्धारण गरे बमोजिम हुनेछ ।

८.**योग्यता सम्वन्धि व्यवस्था** :-स्वयमसेवक शिक्षक पदको लागि लिइने प्रतियोगितात्मक परीक्षामा उम्मेदवार हुन देहाय बमोजिमको शैक्षिक योग्यता हुनु पर्नेछ ।

(क) मा.वि. तह (९-१०) सम्वन्धित विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको

(ख) आ.वि. तह (६- ८ ) सम्वन्धित विषयमा प्रविणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरेको

(ग) आ.वि.तह (१-५) प्रविणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरेको

(ङ) आधारभूत तह कक्षा (६-८) कम्प्युटर विषयको हकमा कम्प्युटर विषय लिइ प्रविणता प्रमाणपत्र उत्तीर्ण गरेको कुनै विषयमा प्रविणता प्रमाणपत्र तह उत्तीर्ण गरी कम्तीमा कम्प्युटर एक वर्षे डिप्लोमा तालिम लिएको हुनुपर्ने ।

९.**उम्मेदवारको लागि अयोग्यता :** (१) नगर शिक्षकका लागि देहायका उम्मेद्वार अयोग्य ठहरिनेछन् ।

(क) गैर नेपाली नागरिक ।

(ख) १८ वर्ष उमेर पुरा नभएको र ४० वर्ष उमेर पुरा भएको ।

(ग) मगज विग्रेको ।

(घ) नैतिकपतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएको,

(ङ) भविष्यमा सरकारी नोकरी वा शिक्षक सेवाको लागि अयोग्य ठहरिने गरी सेवाबाट वर्खास्त गरिएको,

(२) स्वयम्सेवक शिक्षक भर्ना गर्दा अध्यापन अनुमतिपत्र अनिवार्य आवश्यक पर्ने छ तर बडीमालिका नगर शिक्षा समितिको निर्धारण गरेका विषयहरु (अंग्रेजी, गणित, विज्ञान, कम्प्युटर, लेखा र प्राविधिक विषयहरुको हकमा अध्यापन अनुमती पत्र आवश्यक रहने छैन ।

पदम बंडुवाल
नगर प्रमुख

१०. **पाठ्यक्रम, परीक्षा प्रणाली ,मुल्याङ्कन र छनौट प्रक्रिया** :(१) स्वयंसेवक शिक्षकको लागि लिईने परीक्षाको पाठ्यक्रम,परीक्षा प्रणाली, मुल्याङ्कन र छनौट प्रक्रिया शिक्षक सेवा आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

११. **परीक्षाको किसिम** : (१) नगर शिक्षक नियुक्त गर्दा लिखित १०० पूर्णाङ्क, मौखिक २५ अंक र प्रयोगात्मक २५ अंकको रहनेछ । प्रयोगात्मक परीक्षा समितिले आवश्यकता अनुसार लिनसंक्नेछ । लिखित परीक्षाको उत्तीर्णाङ्क ४० हुनेछ ।

(२) लिखित,मौखिक तथा प्रयोगात्मक परीक्षामा सफल भई शिक्षक छनौट समितिले सिफारिस गरेका उम्मेदवारलाई नगरपालिकाले नियुक्ति दिनेछ ।

(३) खण्ड (१) मा उल्लेख भए अनुसार परिक्षाको स्वरुप देहाय बमोजिम हुनेछ :

| | | |
|---|---|---|
| परीक्षाको किसिम | **जम्मा अंकभार : १००** | |
| | (क) लिखित | १०० अंक |
| | | (क) वस्तुगत ४० अंक |
| | | (ख) विषयगत ६० अंक |
| | (ख) अन्तरवार्ता | २५ अंक |
| | (१) मौखिक परीक्षा | १० अंक (न्यूनतम ४ र बढीमा ७ अंक प्रदान गर्न सकिने छ । यदी सो भन्दा तल र माथी अंक दिइएमा पुस्ट्याइ दिनुपर्नेछ ।) |
| | (२) शैक्षिक योग्यता वापत | प्रथम, द्वितीय र तृतीय श्रेणीको आधारमा क्रमशः ३,२,१ |
| | (३) कार्यानुभव वापत | प्रति वर्ष ०.५ का दरले बढीमा २ अंक (बढीमा चार वर्ष ) |
| | (४) स्थानीयता वापत | (सम्वन्धित वडाको १० अंक, नगरपालिका भित्रको ८, जिल्लाको भए ६ अंक, प्रदेश भित्रको ४ अंक) |

## परिच्छेद ५

## सेवा सुविधा सम्वन्धि व्यवस्था

१२. **पारिश्रमिक सम्वन्धि व्यवस्था** : (१) विभिन्न तहमा नियुक्त स्वयमसेवक शिक्षकहरुको सेवा भत्ता देहाय बमोजिम हुनेछ -



पदम बडुवाल
नगर प्रमुख

मदन बडुवाल
नगर प्रमुख

(क) मा.बि.तह (९-१०) :- २२,००० (बाइस हजार)

(ख) आधारभूत तह (६-८) :- १८,५०० (अठार हजार पाँच सय)

(ग) आधारभूत तह (१-५) :- १७,५०० ( सत्र हजार पाँच सय)

१३. **बिदा सम्वन्धि व्यवस्था :** (क) स्वयम्सेवक शिक्षकको विदा सम्बन्धी व्यवस्था शिक्षा नियमावली बमोजिम हुनेछ ।

(ख) स्वयम्सेवक शिक्षकको बिदा सम्बन्धित विद्यालयको प्र.अ.ले गर्ने छ ।

१४. **सरुवा** : (१) नगर स्वयमसेवक शिक्षकलाई सरुवा गरिने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएकता पनि कुनै विद्यालयमा विशेष परिस्थितीमा पठन पाठन नै अवरुद्द हुने अवस्था आएमा पठन पाठन संचालनका लागि एक ठाँउबाट अर्को ठाँउमा काज खटाउन बाधा पर्नेछैन ।

१४. **बचाउ र खारेजी :** (१) यस कार्यविधीमा उल्लेख नभएका विषयहरु संघीय, प्रदेश र बडीमालिका नगरपालिकाको अन्य कानून बमोजिम हुनेछन् ।

(२) यस कार्यविधीमा भएका व्यवस्था संघीय वा प्रदेश कानूनसंग बाझिएको हकमा बाझिएको दफा स्वत: रद्द हुनेछ ।

प्रमाणिकरण मिति : २०७५ ०५ ३०

मदन बडुवाल
नगर प्रमुख